

# वनको पुनरोत्थान र समृद्धि

## (सन्दर्भः अन्तराष्ट्रिय वन दिवस २०७७)

-प्रकाश लम्साल, सहसचिव एवं प्रवक्ता
वन तथा वातावरण मन्त्रालय

वहुआयमिक सेवा तथा वस्तु उपलव्ध गराउन सक्ने वनको क्षमता, महत्व र दिगो व्यवस्थापन गर्ने विधिका वारेमा जागरण अभियान स्वरूप हरेक वर्ष मार्च २१ तारेखका दिन अन्तराष्ट्रिय वन दिवस विश्वभरि मनाइन्छ । वन संरक्षण तथा दिगो व्यवस्थापनका लागि स्थानीय, राष्ट्रिय तथा विश्वस्तरमा देखिएका सम्भावना, समस्या तथा चुनौतिका वारेमा छलफल, वहस र विचार आदानप्रदान गरी समाधानका उपाय खोज्ने अभियान हो वन दिवस। अभियानले सफलतालाई उत्सवको रूपमा मनाउन र संरक्षणका चुनौतिहरूलाई सामना गर्न सरकार, समुदाय, सामाजिक तथा गैरसरकारी संस्थालाई आ-आफ्नो तहवाट भूमिका खेल्न प्रेरणा प्रदान गर्दछ।

यस वर्षको वन दिवसको प्रमुख विषय "वन क्षेत्रको पुनर्स्थापनाः पुनरोत्थान र समृद्धिको मार्ग" "Forest Restoration: A Path to Recovery and Well Being" भन्ने रहेको छ। वनको पारिस्थिकीय, आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्व अहम छ। यस वर्षको वन दिवसको नाराले मुलतः यही सन्देस प्रवाह गरेको छ। वनको पुनर्स्थापना र दिगो व्यवस्थापन समृद्धिको मार्ग हुन सक्दछ।

नेपालले वन संरक्षण तथा दिगो व्यवस्थाप गर्न मुलतः सहभागितामुलक व्यवस्थापन पद्दति अवलम्वन गरेको छ । सामुदायिक वन उपभोक्ता समूह लगायतका २३ हजार भन्दा वढि उपभोक्ता समूहले राष्ट्रको कुल ६६ लाख हेक्टर वन क्षेत्र मध्ये झण्डै २३ लाख हेक्टर (एक तिहाइ) भन्दा वढि वन संरक्षण एवं व्यवस्थापन गरिराखेका छन्। यस कार्यमा ३० लाख भन्दा वढि परिवार निरन्तर संलग्न रहेको पाइएको छ । उपभोगको अधिकार सहित निर्णय पकृयामा समुदायको सहभागिता उनीहरुको लागि प्रोत्साहनको स्रोत भएको छ । एक पटक सुरू भए पश्चात सहभागितामूलक वन व्यवस्थापन प्रणाली एक अन्तहिन प्रकृयाको रुपमा जारी रहन्छ। वन व्यवस्थापनमा एक पछि अर्को नयां पुस्ताका सवालहरु आइरहने हुंदा त्यस्ता सवालहरुलाई यस अन्तहिन प्रकृयावाटै सम्वोधन गर्ने गरिन्छ।

समुदायको हितको लागि सरकारले सामुदायिक वनवाट प्राप्त सत प्रतिशत र साझेदारी वनवाट प्राप्त पचास प्रतिशत आम्दानी समुदायलेनै प्राप्त गर्नसक्ने व्यवस्था गरेको छ। यसले वन संरक्षण तथा व्यवस्थापनमा उपभोक्ता समूहलाई हौसला मात्र थपेको छैन, वनवाट प्राप्त आम्दानीले स्थानीय सामाजिक तथा साना पूर्वाधार विकासमा ठूलो टेवा पुर्याएको देखिन्छ। समुदायहरू वन व्यवस्थापनका साथै वन व्यवस्थापन मार्फत सामाजिक, वातावरणीय र भौतिक पुँजीको नवनिर्माण, विकास तथा व्यवस्थापन कार्यमा संलग्न छन्। सामुदायमा आधारित वनले स्थानीय समूहलाई आफ्ना समस्या र समाधानका उपाय आंफै केलाउन सक्ने र आफ्नो काम आँफै गर्ने अवसर प्रदान गरेको छ। प्रत्येक समूह एकीकृत ग्रामीण विकासका लागि अन्तहीन परिवर्तनका वाहक तथा सिकाइ केन्द्रको रुपमा विकसित भएका छन । नीतिगत, कानूनी, संस्थागत तथा कार्यविधीगत व्यवस्थावाट उल्लेखित कार्यहरूलाई टेवा पुर्याइएको छ। यी सवै विषय उपलब्धिको रूपमा हांसल भएका छन।

वन विकासको यस प्रकृयामा नयाँ सवाल, समस्या र चुनौतीहरु समेत देखापरेका छन्। सामुदायिक सहभागितामा वन संरक्षण र विस्तार त भएको छ । भावी पुस्ताको लागि वनको स्थानमा वननै कायम राख्नेगरी पूर्ण क्षमतामा उपयोग हुन सकेको छैन । अध्यताहरूले वनले उपलव्ध गराउन सक्ने र वास्तिवक लाभ प्राप्तिमा ठूलो खाडल भएको औंल्याएका छन्। नीतिगत व्यवस्था र स्थलगत कार्यान्वियनमा तालमेल नभएको औल्याएका छन्। यही खाडल र तालमेल नमिलेका कारण वन पैदावार उत्पादन,

वजारीकरण, आयआर्जन र रोजगारीको हिसावमा खास उल्लेखनीय प्रगति देख्न सकिएको छैन । वनलाई उत्पादनस्थलको रुपमा विकास गरी वन पैदावारमा आधारित वढ्दो वजार मागलाई सम्वोधन गर्ने, निजी क्षेत्र समेतको सहकार्य र साझेदरीमा वन उद्यम, आय आर्जन र रोजगारीको सृजना गरी स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने जस्ता कार्य नयाँ चुनौतिको रुपमा देखा परेका छन् । यस किसिमका कार्य सुरूनै नभएका भने होइनन् । नीतिगत रूपमा कार्यविधिनै जारी गरेर सम्वर्धनमा आधारित वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम करिव एक दशकसम्म कार्यान्वयनमा रह्यो । तर सरोकारवालाहरूवीचको आपसी विश्वास र सहकार्यको अभावका कारण उक्त कार्यक्रम कार्यान्वयनको प्राविधिक परीक्षण समेत हुन नपाई अहिले स्थगनमा परेको छ । आगमी दिनमा यस कार्यक्रमको प्रभावको  परीक्षण गर्न विगतमा काम भएका वन क्षेत्र उपलब्ध हुनेनै छ ।

अर्को तर्फ गत वर्षको जनवरी महिना देखि सुरू भएको कोभिड-१९ यद्पी जारी छ । यसले अर्थतन्त्रमा पारेको दुष्प्रभाव समुदाय र वन क्षेत्रसम्म पुगेको छ । जलवायु परिवर्तनको असर अन्य क्षेत्रमा जस्तै वन क्षेत्रमा पनि थियो । र, छ नै । महामारीका कारण स्वदेश तथा विदेशको रोजगारीवाट विस्थापित यूवाहरू अहिले रोजगारीको अभावमा जिवीकोपार्जनका लागि अति आवश्यक कार्य तथा कतिपयले मनोरन्जन र सोखको लागि वन प्रवेश गर्ने गरेको देखिएको छ । वनमा अवैध कटानी, चोरी निकासी र अवैध शिकार गर्ने कार्यमा संलग्न भएको पाइएको छ ।  यसको साथै मिचाहा प्रजाति र अव्यवस्थित पूर्वाधार निर्माणवाट वन क्षेत्रको क्षयिकरण र खण्डिकरण  हुन पुगेको छ । विकास, समृद्धि र संरक्षणवीच ठिक्क मात्रामा सन्तुलन कायम राख्ने चुनौति सामुन्ने खडा छ ।

वनको उत्पादन क्षमता अनुसार पूर्ण रूपमा व्यवस्थापन हुन नसक्नु, वन क्षेत्रको खण्डीकरण, जलवायु परिवर्तन र कोभिड-१९ को दुष्प्रभाका कारण वन क्षेत्रले भोगिराखेको चारथरी मार छिचोलेर अघि वढ्नु पर्ने अवस्था छ । नयाँ सोच, योजना, रणनीति र कार्ययोजनाका साथ उल्लेखित सवालको सम्वोधन तथा चुनौतिको सामना गर्ने प्रयास स्वरुप राष्ट्रकै एक प्रमुख रूपान्तरणकारी आयोजनाका रूपमा समृद्धिका लागि वन कार्यक्रम पहिचान र कार्यान्वयनको थालनी भएको छ । वनलाई वनजन्य उद्योगको कच्चा पदार्थ उत्पादन थलोको रूपमा परिणत गर्न, वनभित्र गरिने कार्यलाई विज्ञानसम्मत तथा प्रजाति सुहांउदो वन सम्वर्धनमा आधारित वनाउन र प्रकृतिमा आधारित पर्यटन तथा कृषिवन जस्ता वनको वहुआयमिक उपयोग गर्ने नयाँ शैली अपनाईदैछ । जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरणमा वनको भूमिका उजागर गरी सवैखाले वन व्यवस्थापन पद्दतिको लागि थप स्रोत साधन जुटाउन कार्वन उत्सर्जन न्यूनीकरण भुक्तानीको सम्झौता समेत भैसकेको छ । उल्लेखित कार्यहरू वन क्षेत्र मार्फत राष्ट्रको समृद्धिमा टेवा पुर्याउन महत्वपूर्ण सावित हुने विश्वास गर्न सकिन्छ ।

वन दिवसको उपलक्ष्यमा वन क्षेत्रका सवै सरोकारवालाहरूले यस पक्षमा छलफल वहस गरी सम्वर्धनमा आधारित वनको दिगो व्यवस्थापनका लागि एक मत भएर कार्यान्वयनमा जानुको विकल्प छैन । यसो भएमा वन क्षेत्रको व्यवस्थापन मार्फत राष्ट्रको समृद्धमा टेवा पुर्याउने कार्यमा हामी सवैले आ-आफ्नो स्थानवाट योगदान गर्ने मैदान खुला हुनेछ । हामी आजपनि उत्साहप्रद स्थितिमै छौं।



वन संरक्षण तथा व्यवस्थापनको लामो अनुभव छ । राम्रोसंग हुर्किएको वन छ । वन संरक्षण तथा व्यवस्थापन गरी हाम्रा आवश्यकता पुरा गर्ने तथा भावी पुस्ताका लागि वन क्षेत्रको स्थानमा वननै कायम राख्न सम्भव छ । यहि स्थितिवाट प्रस्थान गर्दै वन क्षेत्रको वुद्धिमतापूर्ण उपयोग र स्थानीय तथा राष्ट्रिय समृद्धिमा योगदान सम्भव छ ।